# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरवार, काठमाडौं

## पुरस्कार सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८०/०१/३०**

यस मन्त्रालयको आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रममा समावेश भएको देहाय बमोजिमका पुरस्कार वितरण गर्ने कार्यक्रम रहेको छ। उल्लिखित पुरस्कार विभिन्न विधा र क्षेत्रमा तोकिए बमोजिमको योगदान दिएका व्यक्ति तथा संस्थाहरुले निम्न प्रक्रिया बमोजिम यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र यस मन्त्रालयमा आवेदन/सिफारिस पेश गर्न यो सूचना प्रकाशिंत गरिएको छ। पुरस्कार सम्बन्धी कार्यविधि र आवेदन फारम यस मन्त्रालयको Website www.tourism.gov.np मा डाउनलोड गरी वा मन्त्रालयको संस्कृति महाशाखामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

**क) शताब्दी पुरुष सत्यमोहन जोशी राष्ट्रिय पुरस्कार**
विधा : नेपाली तथा नेपाल भाषा, साहित्य, नेपाली संस्कृति एवं इतिहास

**ख) आदिकवि भानुभक्त आचार्य राष्ट्रिय पुरस्कार**
विधा : नेपाली भाषा, साहित्य अन्तर्गत कविता

**ग) युगकवि सिद्धिचरण श्रेष्ठ राष्ट्रिय पुरस्कार**
विधा : नेपाली, नेपाल तथा अन्य भाषा साहित्य एवं स्वच्छन्दतावादी र प्रगतीवादी कविता

**घ) योगमाया राष्ट्रिय पुरस्कार**
विधा : समाज सुधार सम्बन्धी सामाजिक योगदान गरेको

**आवेदन दिंदा वा सिफारिस गर्दा संलग्न राख्नुपर्ने विवरण र कागजातहरू**

क) व्यक्ति वा संस्थाको विस्तृत विवरण : नाम/थर, आमा/बुवाको नाम, विवाहित भए पति/पत्निको नाम
ख) व्यक्ति वा संस्थाको बायोडाटा
ग) सम्पर्क ठेगाना, इमेल, मोवाइल नम्बर
घ) नेपाली नागरिकताको प्रतिलिपी
ङ) पासपोर्ट साइजको दुइ प्रति फोटो
च) स्थायी लेखा नम्बर
छ) प्रकाशित उत्कृष्ट कृतिहरुको विवरण (एक प्रति कृति सम्भव भएसम्म)
ज) बैंक खाता नम्बर (बैंकको नाम र ठेगाना समेत)
झ) प्रकाशित कृति नभएको अवस्थामा प्रतिभाको परिचयात्मक अन्य सामग्री
ञ) संस्थाले सिफारिस गरेको भए सिफारिस गर्ने संस्थाको पत्र।

द्रव्यष्ट : पुरस्कारका लागि प्राप्त हुने सिफारिस वा विवरणपत्र चयन समितिको जानकारी प्रयोजनको लागि सिमित रहनेछ। सिफारिस वा विवरणपत्र बाहेक पुरस्कार चयन समितिले योगदानका आधारमा समेत मुल्यांकन गर्न सक्नेछ।


**आवेदन सिफारिस पठाउने ठेगाना**
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
**संस्कृति महाशाखा**
**सिंहदरवार, काठमाडौं।**
**फोन नं ०१४२११९०९ र ०१४२११५९६**
**इमेल : nrnskhanal@gmail.com**